# बालश्रम विरुद्ध विश्व दिवस

# १२ जुन २०१७

WORLD DAY AGAINST CHILD LABOUR

12 JUNE 2017




PROTECT CHILDREN FROM CHILD LABOUR

## द्वन्द्व र विपद्मा बालबालिकालाई बालश्रमबाट संरक्षण गरौं !

बालश्रम विरुद्ध विश्व दिवस सामूहिक आवाज उठाउने तथा काम गर्ने महत्वपूर्ण अवसर हो । दीगो विकास लक्ष्यहरुमा उल्लेख गरिएझैं हामीसँग सन् २०२५ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने साझा लक्ष्य छ र यो लक्ष्य पूरा गर्नु हामी सबैको दायित्व हो ।

### दीगो विकास लक्ष्य ८.७

बाध्यकारी श्रम हटाउन, आधुनिक दासता, मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्न, बाल सैन्य भर्ती सहित निकृष्ट प्रकारका बालश्रम निषेध गर्न तथा हटाउन र सन् २०२५ सम्म सबै प्रकारका बालश्रमहरुको अन्त्य गर्न तत्कालै र प्रभावकारी रुपमा काम गर्ने ।

## द्वन्द्व र विपद्मा बालश्रम

संसारका द्वन्द्व, हिंसा तथा अस्थिरता प्रभावित देशमा १.५ अरब मानिसहरु बसोबास गर्छन् । त्यस्तै, २ अरब मानिसहरु विपद्बाट प्रभावित हुन्छन् । बालश्रममा संलग्न १.६८ अरब बालबालिकाहरु द्वन्द्व तथा विपद् प्रभावित क्षेत्रमा बसोबास गर्छन् [1] ।

नेपालमा हामीले एक दशक लामो द्वन्द्वको सामना गरेका छौं । उक्त द्वन्द्वमा, धेरै बालबालिकाहरु बालसैनिकको रुपमा भर्ना भएका थिए भने धेरैले आफनो परिवार गुमाएका थिए र कैयौंले आफ्नो गाँउबाट विस्थापित हुनु परेको थियो । द्वन्द्वको कारण विस्थापित बालबालिका शहरी क्षेत्रमा बसाई सर्नु भनेको बालबालिकाहरु जोखिमपूर्ण तथा शोषणजन्य प्रकारका श्रममा समावेश हुने संम्भावना बढ्नु हो ।

विपद्हरुले राज्य, समुदाय, विद्यालय तथा परिवारले प्रदान गरेका सुरक्षात्मक संयन्त्रहरु नष्ट गर्ने तथा पारिवारिक श्रोतमा अतिरित्त दबाव सृजना गर्ने जस्ता काम गरेर बालबालिकाहरुमा विविध प्रकारले जोखिमहरु बढाउँछ । अप्रिल २०१५ मा नेपालमा ७.८ रेक्टर स्केलको भूकम्प गयो र यो भूकम्पले ९,००० मानिसहरुको ज्यान गयो भने सो भन्दा बढी मानिसहरुलाई चोटपटक लाग्यो । सोही वर्ष मे महिनामा आएको ७.३ रेक्टर स्केल सहितका भूकम्पका असंख्य पराकम्पहरुले गर्दा हताहत हुनेको संख्या बढायो, लगभग पाँच लाख घरहरु भत्किए र ३५,००० भन्दा बढी कक्षा कोठाहरु पूर्ण रुपमा क्षतिग्रस्त भए [2] । परिणाम स्वरुप, लगभग १० लाख बालबालिका विद्यालय जानबाट वञ्चित भए । युनिसेफको एक प्रतिवेदनका अनुसार २५ अप्रिल २०१५ र १२ फेब्रुअरी २०१६ का बीचमा प्रहरीले ८५० बालिकाहरुलाई सम्भाव्य मानव बेचबिखन तथा ओसारपसार र सुरक्षा सम्बन्धी अन्य जोखिमहरुबाट बचायो । प्रति महिना ८९ बालबालिकाको यो दर जुलाई २०१४ देखि जुलाई २०१५ को अवधिमा ६९ बालबालिका प्रति महिना थियो [3] । त्यसैगरि, बालबालिकाहरु भूकम्प प्रभावित क्षेत्रको पुनर्वास तथा पुनर्निर्माण सम्बन्धी जोखिमपूर्ण काममा सहभागी हुने संम्भावना पनि छ ।

नेपाल फ्ल्यास अपिल पुनरावलोकन (युनिसेफ, २०१५) ले विशेष गरी बालबालिकाहरु अपरिवर्तनीय मानसिक आघातको शिकार भए भन्ने कुरा देखायो । यो अवस्थाको मूल्याङ्कन गर्दा भूकम्पको डरलाग्दो परिणाम देखिन्छ : जसअनुसार ४,०४,००० बालबालिकाहरु र २,००,००० गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरु कुपोषणको शिकार भएका छन्, १५ लाख विद्यालय जाने उमेरका बालबालिकाहरु आपत्कालिन अवस्थामा शिक्षाको आवश्यकताबाट गुज्रिरहेका छन् भने ५०,००० भन्दा बढि परिवारले घरवार गुमाएका छन् ।

---

1. ILO Website: http://ilo.org/ipec/Campaignandadvocacy/wdacl/lang--en/index.htm
2. http://www.bbc.com/news/education-32624110
3. http://unicef.org.np/blogs/2016/04/24/a-year-on-nepal-earthquakes-education-continues-in-affected-districts-but-children-still-need-safe-and-stable-learning-environment

# विपद् पछिको अवस्थामा बालबालिकाहरुको सुरक्षा गर्ने तरिका:


@ILO/O.Havana

१. बालबालिकाको लागि "सुरक्षित स्थानहरुको" विकास गर्ने;
२. अस्थायी तथा अनौपचारिक शिक्षा प्रदान गर्ने;
३. बालबालिकाको अभिलेखीकरण बढाउने;
४. तालिम कार्यशाला तथा सार्वजनिक शिक्षा सम्बन्धी अभियान चलाउने;
५. बालश्रमको अनुगमन गर्ने; र
६. सीमा सुरक्षा बढाउने ।

द्वन्द्व तथा विपद्हरुले मानिसहरुमा विनासकारी असर छोड्छन् भने बालबालिकाहरुलाई सबैभन्दा पहिला शिकार बनाउँछन् । धेरै बालबालिकाहरु बेचबिखन तथा ओसारपसार तथा बालश्रमको जोखिमबाट गुज्रन्छन् । समाजको अंशको रुपमा हामीले यो समस्यालाई सहि तरिकाले सम्बोधन गर्नुपर्छ तथा यो परिस्थिति विरुद्ध एक जुट भएर काम गर्नुपर्छ ।

## हाम्रो आह्वान

- समाजको सबै तहमा हाल अस्तित्वमा रहेका कानून, नीति तथा निर्देशनहरु लागू गर्ने
- चुनाव पछिको अवस्थामा केन्द्रीय तथा स्थानीय सरकारमा रहेको बालश्रम सम्बन्धी अनुगमन प्रणाली लाई सबल पार्ने
- बालश्रम सम्बन्धी राष्ट्रिय गुरु योजना तथा बालअधिकारहरुको विधेयक जस्ता सम्बन्धित कानून, नीतिलाई चाँडोभन्दा चाँडो पारित गर्ने
- भूकम्पको पुनर्बास प्रक्रियामा बालश्रमको प्रयोग नहोस् भन्ने कुरा सुनिश्चित गर्न आचार संहिता तथा अनुगमन प्रणालीको स्थापना गर्ने
- विद्यालय शिक्षालाई जारी राख्दै तथा बालश्रम तथा शोषण हुन रोक्दै विपद्को समयमा बालबालिकाको शोषण हुन रोक्न उचित प्रक्रिया प्रणालीको स्थापना गर्ने

## तपाईले गर्न सक्ने काम

- आफ्नो परिवारको सदस्य, साथीभाई तथा छरछिमेकसँग बालश्रमको बारेमा छलफल गर्ने
- बालश्रमिकहरु प्रयोग भएका पसल तथा रेष्टुरेन्टहरुको प्रयोग नगर्ने
- बेचबिखन तथा ओसारपसार, यौन शोषण तथा बाध्यकारी श्रम जस्ता बाल शोषणको घटना देख्ने बित्तिकै सम्बन्धित निकाय वा बाल हेल्प लाइन १०९८ मा सर्म्पक गर्ने
- बालश्रम हटाउने वा कम गर्ने प्रतिबद्ध प्रतिनिधिहरुलाई मात्र चुनावमा भोट हालेर जिताउने
- "बालश्रमलाई रेडकार्ड" को आदान- प्रदान गर्ने, आफनो फेसबुक प्रोफाइलमा आफूले रेडकार्ड बोकेको तस्बिर पोष्ट गर्ने तथा #Redcard वेभमा सामेल हुने । ट्यागः बालश्रम

**बालश्रममा काम गर्ने अन्तर निकाय कार्य समूह:**

अन्तर्राष्ट्रिय श्रम संगठन/ प्लान इन्टरनेशनल/ सेभ द चिल्ड्रेन/ शाप्ला नीर/ तेर दे जोम फाउण्डेशन/ युनिसेफ/ विनरक इन्टरनेसनल/ वर्ल्ड एडुकेसन/ वर्ल्ड भिजन इन्टरनेशनल